नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक
कारोबार karobardaily.com
आइतबार, १९ कात्तिक २०७४
SUNDAY, 5 NOVEMBER 2017

# शिक्षा : व्यापार कि सेवा ?

**के सुधार गर्नुपर्छ ?**

- विद्यालय तहको शिक्षा अनिवार्य र निःशुल्क बनाउनका लागि थप लगानीको आवश्यकता पर्ने हुँदा तिनै तहमा शिक्षा बजेट २० प्रतिशत पुऱ्याउनुपर्ने ।
- संविधानको मर्मअनुसार शिक्षा नीति, नियम र कार्यक्रमहरूको निर्माण कार्यलाई व्यवस्थित र नियमित गर्न उच्चस्तरीय संवैधानिक शिक्षा आयोग गठन गर्नुपर्ने ।
- सामुदायिक र संस्थागत विद्यालयका शिक्षक कर्मचारकिो नियुक्ति र वृत्तिविकासका लागि संवैधानिक शिक्षक सेवा आयोग गठन गर्नुपर्ने ।
- शिक्षामा भएको अनावश्यक राजनीतिक हस्तक्षेप र अनुचित व्यापारिक चासो कम गर्नुपर्ने ।
- सामुदायिक विद्यालयमा पुग्दो मात्रामा शिक्षक दरबन्दीको व्यवस्था गर्न र गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय शिक्षक निर्माणमा लगानी गर्नुपर्ने ।
- सबै संस्थागत विद्यालयहरूलाई प्रभावकारी नियमन गरी मापदण्डअनुसार व्यवस्थापन गर्न गराउन र कार्यरत शिक्षकको सेवा सर्त र सुविधा कम्तिमा सामुदायिकको शिक्षक सरह कायम गर्नुपर्ने ।
- विद्यालयमा कार्यरत प्रारम्भिक बाल शिक्षा शिक्षक, राहत शिक्षक र विद्यालय कर्मचारीलाई दरबन्दी कायम गर्नुपर्ने ।
- विद्यालयको भौतिक सुधार गरी बालमैत्री विद्यालय वातावरण कायम गर्नुपर्ने ।
- शिक्षामा सामाजिक संवादलाई नियमित र प्रभावकारी बनाइनुपर्ने ।

गोपाल संग्रौला

काठमाडौं । देशको दुर्गमदेखि सुगम क्षेत्रका जनताको पहुँचको मुख्य आधार नै सार्वजनिक शिक्षा हो । तर, सार्वजनिक शिक्षाप्रतिको सरकारको उदासिनताले शिक्षाको निजीकरण तथा व्यपारिकरणलाई टेवा पुऱ्याइरहेको सरोकारवाला तथा विज्ञहरूले बताउँदै आएका छन् ।

हालैमात्र एजुकेसन इन्टरनेसनल नामक संस्थाले आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलनले संविधानमा शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरिएको भए पनि सोअनुसारको शैक्षिक अधिकार सार्वजनिक शिक्षा क्षेत्रमा लागू हुन नसकेको निश्कर्ष निकाल्दै सरकारलाई सुधारका लागि अनुरोध गरेको छ । नेपालमा शिक्षाको मुख्य हिस्सा सामुदायिक विद्यालयले ओगटेको छ ।

विद्यालय तहका करिब ८२ प्रतिशत बालबालिकाहरू सामुदायिक विद्यालयमा नै अध्ययन गर्छन् । सन् १९८० को दशकमा निजी विद्यालयको संख्या न्यून रहेको नेपालमा अहिले १५ प्रतिशतभन्दा बढी निजी विद्यालयहरू सञ्चालनमा छन् । निजी क्षेत्रबाट सञ्चालनमा आएका विद्यालयहरूले दिने शिक्षा सेवा भन्दा नाफाबाट प्रेरित छ । यसले गरिब बालबालिकाले अध्ययन गर्ने सार्वजनिक विद्यालय र निजी विद्यालयको दुरी बढाउँदै लगेको त्रिभुवन विश्वविद्यालयमा सहप्राध्यापक प्रमोद भट्ट बताउँछन् ।

"शिक्षा ऐनमा निजी विद्यालयहरू कम्पनी ऐनमा दर्ता गर्न पाउने प्रावधान राखिएकाले शिक्षाको व्यपार मौलाएको छ," उनले भने, "निजी तहमा कार्यरत शिक्षकको योग्यता, अध्यापन अनुमति र तालिमजस्ता विषयमा अनिवार्यता र एकरूपता पाइँदैन ।" निजी विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको सेवा, सर्त र सुविधाको कुनै ग्यारेन्टी छैन । शिक्षक कर्मचारी व्यवस्थापनको स्पष्ट नीति नियम अभाव छ।



तस्बिर : रमेश रावल (कालिकोट)



## विद्यालय शिक्षामा निजीको दबदबा धेरै भयो

**प्रमोद भट्ट**
सहप्राध्यापक, त्रिभुवन विश्वविद्यालय

संसारका अन्य देशहरुमा जस्तै नेपालमा पनि औपचारिक शिक्षा (विद्यालय शिक्षा) मा सहभागिता निरन्तर बढिरहेको छ। महिला, पुरुष, सबै जातजाति र विभिन्न वर्गसमूह सबैको सहभागिता बढिरहेको छ। यसले आममानिसको शिक्षाप्रतिको

बनेका

नीतिनियमहरू पनि प्रभावकारी कार्यान्वयन नहुँदा निजी विद्यालय सञ्चालकहरूले आफूखुसी शिक्षक कर्मचारीको व्यवस्थापन गरेको पाइन्छ। निजी तहमा कार्यरत शिक्षकको योग्यता,

विदेशी दात निकायको निर्देशन अनुसार विकेन्द्रीकरणको नाममा

संसारका अन्य देशहरुमा जस्तै नेपालमा पनि औपचारिक शिक्षा (विद्यालय शिक्षा) मा सहभागिता निरन्तर बढिरहेको छ। महिला, पुरुष, सबै जातजाति र विभिन्न वर्गसमूह सबैको सहभागिता बढिरहेको छ। यसले आममानिसको शिक्षाप्रतिको बढ्दो भरोसालाई इंगित गर्दछ। तर सहभागिताको तुलनामा सक्षमता र गुणस्तरमा भने अपेक्षित वृद्धि भइरहेको छैन। फेल हुने, बीचमै पढाइ छोड्ने तथा चक्र पूरा नगर्ने प्रवृत्ति विकराल बन्दै गइरहेको छ। सिकाइका हिसाबले विशेषगरी तल्लो तहका विद्यार्थीहरुले पाठ्यक्रमले अपेक्षा गरेअनुरुपका ज्ञान, सिप तथा व्यवहारहरु सिक्न सकिरहेका छैनन्, जुन एकदमै चिन्ताको विषय हो।

सन् १९८० को सुरुवातामा नगन्य मात्रामा रहेका निजी विद्यालय हाल हजारौंको संख्यामा देशैभर खुलेका छन्। उच्च शिक्षामा पनि यो प्रवृत्ति यस्तै छ। जहाँ जनसंख्या वृद्धिदर उच्च छ, त्यहाँ निजी विद्यालय खुल्ने दर पनि उच्च रहेको छ। यसले केही हदसम्म बढ्दो जनसंख्याको शैक्षिक आकांक्षालाई पूर्ति गरेको तर्क पनि गर्न सकिन्छ। यद्यपि यसको डरलाग्दो र चिन्ताजनक पक्ष के छ भने यसले शिक्षाको प्रबन्ध गर्ने राज्यको संवैधानिक दायित्वलाई निकै कमजोर बनाइदिएको छ।

साथै राज्यबाट निःशुल्क शिक्षा पाउनुपर्ने नागरिकको नैसर्गिक संवैधानिक अधिकारमाथि पनि कुठाराघात गरेको छ। निजी विद्यालयको वृद्धिले समाजका विभिन्न किसिमका वर्गीय विभेदको सिर्जना र वृद्धि गरेको तथा शिक्षालाई व्यापारमा परिणत गरेको सहजै देख्न सकिन्छ।

विद्यालय शिक्षामा निजी क्षेत्रको यतिधेरै दबदबा हुनु नपर्ने हो। तर नेपालमा के देख्न सकिन्छ भने सन् १९९० पछिका सबै संविधानले शिक्षालाई आधारभूत, मौलिक अधिकारका रुपमा परिभाषित गरिसकेपछि पनि निजी विद्यालयको संख्या वृद्धि भइरहेको छ।

मैले र तेजेन्द्र फेरालीजीले गरेको एउटा अध्ययनमा पनि निजीकरणले निम्त्याएका भौगोलिक तथा लैंगिक असमानता, नाफामुखी विद्यालयको वृद्धि, विद्यालय शिक्षामा अन्तर्राष्ट्रिय पाठ्यक्रम तथा व्यावसायिक घरानाको संलग्नता तथा चेन र नेटवर्क विद्यालयको बृद्धिबारे व्याख्या गरिएको छ। तर सबैभन्दा महत्वपूर्ण पक्ष के छ भने निजी विद्यालयहरुले शिक्षाको नाममा परीक्षा केन्द्रित पढाइलाई बढावा दिइरहेका छन्, जसले गर्दा शिक्षाको परिभाषा संकुचित बनाइएको छ।

विद्यालय शिक्षामा निजी क्षेत्रको उपस्थिति तथा भूमिकालाई नजरअन्दाज गर्न सकिने अवस्था छैन। यस्तो अवस्थामा राज्यको मुख्य जोड प्रभावकारी नियमनमा हुनुपर्छ। सबैभन्दा पहिले त शिक्षा सेवा हो कि व्यापार हो भन्नेबारे स्पष्ट दृष्टिकोण बनाउनु जरुरी छ। मेरो विचारमा निजी क्षेत्रले दिने शिक्षा सेवा त हुँदै होइन, केवल सेवाको आडमा भइरहेको डरलाग्दो र संगठित व्यापार हो। दरबारमार्ग वा अन्यत्रका पसलेहरुले अत्यधिक नाफा खाएको नाममा छापा मार्न सक्ने राज्यले अब निजी विद्यालयले असुल्दै आएको अनधिकृत नाफामाथि पनि छापा मार्नु जरुरी छ।



विद्यालय सञ्चालकहरूले आफूखुसी शिक्षक कर्मचारीको व्यवस्थापन गरेको पाइन्छ। निजी तहमा कार्यरत शिक्षकको योग्यता, अध्यापन अनुमति र तालिमजस्ता विषयमा अनिवार्यता र एकरुपता पाइँदैन।

त्रिविका सहप्राध्यापक डा. प्रमोद भट्ट र युनिभर्सिटी कलेज लण्डन इन्स्टिच्युट अफ एजुकेसनका डा. तेजेन्द्र फेरालीले गरेको 'नेपालः शिक्षामा निजीकरणका प्रकार' विषयक अध्ययन प्रतिवेदनमा नेपालको शिक्षामा बढ्दो निजीकरणले संविधानमा उल्लेख गरिएको जनताको शैक्षिक अधिकारलाई नै चुनौती दिएको उल्लेख छ। प्रतिवेदनमा विगत १० वर्षमा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या दुईगुणाले बढेको देखाइएको छ। अध्ययनअनुसार यस्तो वृद्धिले शिक्षाको बढ्दो असमानता तथा पृथकिकरण भइरहेको छ। निजी विद्यालयमा अध्ययनरत करिब ६० प्रतिशत बालबालिकामध्ये सबैभन्दा धनी २० प्रतिशत घरपरिवारबाट आउने देखिन्छ।

यसैगरी सबैभन्दा गरिब २० प्रतिशत घरपरिवारबाट ६.४ प्रतिशत बालबालिकामात्र निजी क्षेत्रका शैक्षिक पहुँचमा रहेको देखिन्छ। निजी विद्यालयको गुणस्तरको मापन परीक्षाको परिणामलाई मान्दा शिक्षाको उद्देश्यमा नै चुनौती खडा भएको छ। सार्वजनिक शिक्षाको लगानीमा वृद्धि तथा निजी विद्यालयहरूको बलियो नियमन हुन सकेन भने सबैको लागि गुणस्तरीय शिक्षा केबल नारामा मात्र सीमित हुने अध्ययनले देखाएको छ।

नेपालको संविधानअनुसार प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, राज्यबाट आधारभूत तह (प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८) सम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तह (कक्षा ९ देखि १२) सम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ। साथै संविधानको अनुसूची ८ अनुसार माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको अधिकारको सूचीमा राखिएको छ। अहिले नेपालको संविधानअनुसार स्थानीय तहको निर्वाचन सम्पन्न भई प्रदेश र प्रतिनिधि सभाको चुनावको मिति तय भएको छ।

## सार्वजनिक शिक्षामा बजेट घट्नु चुनौती

नेपालको सार्वजनिक शिक्षाको बजेट बर्सेनि घट्दो क्रममा रहेको छ। आर्थिक वर्ष २०११ मा १९.५ प्रतिशत पुगेको शिक्षाको बजेट घटेर आव २०१७ मा ९.८१ प्रतिशत पुगेको छ। सरकारले २००१ यता कुनै पनि सामुदायिक विद्यालयमा थप शिक्षक दरबन्दीको व्यवस्था गरिएको छैन। सन् २०१० पछि नयाँ सार्वजनिक विद्यालयहरू स्थापना गरिएको पाइँदैन। राज्य सार्वजनिक शिक्षामा लगानीबाट टाढा हुँदै गएको देखिन्छ। यसरी शिक्षाको बजेट घट्दो क्रमले सबैलाई चिन्तित बनाउँदै लगेको छ।

माध्यमिक तहसम्मको शिक्षा सञ्चालन, व्यवस्थापन र रेखदेखको जिम्मेवारी पाएको स्थानीय तहले अहिलेसम्म कानुन अभावका कारण खासै विद्यालय शिक्षामा काम गर्न सकेको छैन। देशमा ठूलो राजनीतिक परिवर्तन भई संघीय गणतान्त्रिक संविधान जारी भइसक्दा पनि हाम्रो शिक्षा २०२८ सालमा जारी भएको शिक्षा ऐनबाट नै सञ्चालन भइरहेको छ।

सरकार परिवर्तन भएसँगै शिक्षा नीति नियममा परिवर्तन हुने र दाता निकायको निर्देशन अनुसार विकेन्द्रीकरणको नाममा शिक्षालाई स्थानीय तहको जिम्मा लगाई राज्य शिक्षाको प्रमुख दायित्वबाट विमुख हुने परिपाटीले समेत सार्वजनिक शिक्षा दिनप्रतिदिन धराशायी बन्दै गइरहेको छ। देशको बदलिँदो राजनीतिक परिवेश र शिक्षामा भएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभिसन्धि मुताविक नेपालको वर्तमान शिक्षामा सुधारको खाँचो देखिएको छ।

## गुणस्तर सुधारका लागि लगानी आवश्यक

नेपालको सार्वजनिक शिक्षामा सरकारी लगानी क्रमिक रुपले घट्दै गइरहेको छ। आर्थिक वर्ष २०११ देखि २०१५ सम्मको अन्तरालमा राष्ट्रिय बजेटमा शिक्षाको हिस्सा १९.५ प्रतिशतबाट १६.१ प्रतिशतमा झर्‍यो भने कुल गार्हस्थ्य उत्पादनमा शिक्षाको हिस्सा ४.२ प्रतिशतबाट ३.९ प्रतिशतमा झर्‍यो। सार्वजनिक शिक्षामा घट्दो सरकारी लगानीका कारण नाफामुखी निजी विद्यालयहरूमा भर्ना बढी रहेको छ। जसले गर्दा आज करिब २० प्रतिशत बालबालिका निजी विद्यालयमा अध्ययनरत छन्।

हालै काठमाडौंमा प्रतिवेदन सार्वजनिक गर्दै एजुकेसन इन्टरनेसनलका महासचिव फ्रेडभान लियूनले शिक्षाको निजीकरण नै सबैलाई निःशुल्क गुणस्तरीय शिक्षा दिएर दिगो विकासको चौथो लक्ष्य हासिल चुनौती हुने बताए। उनले नाफाको उद्देश्यले प्रेरित शिक्षाको वृद्धिलाई उचित स्रोतसाधनयुक्त समावेशी गुणस्तरीय सार्वजनिक शिक्षाले मात्र विस्थापित गर्नुपर्नेमा जोड दिए।